# संघीय संसद
# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति

(सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन)

**बैठक संख्या- ५१**

मिति २०७७/०९/०३

## निर्णयहरु

१. कोभिड-१९ को महामारी नियन्त्रण तथा रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद गरेको स्वास्थ्य सामग्रीको सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालसंग छलफल गरी जानकारी लिइयो ।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६/१०/२९ मा गोरखापत्रमा सूचना प्रकाशित गरी छिटो विधिबाट अत्यावश्यक स्वास्थ्य सामग्री खरिद गर्न अघि बढाएको प्रक्रिया नियमसंगत देखिएको तर सोही प्रकृतिका सामग्री खरिद गर्न मिति २०७६/१२/१२ मा प्रक्रिया अघि बढाउँदा विशेष परिस्थिति जनाई नोबल कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/११ को निर्णयलाई आधार मानी बजेट तथा लागतको अनुमान तयार नगरी सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली विपरित अख्तियार प्राप्त अधिकारीहरुले आफूमा निहित अधिकार प्रयोग नगरी अन्य व्यक्तिहरुलाई खरिद कार्यमा संलग्न गराई अख्तियारको दुरुपयोग गरेको, खरिद गरेका स्वास्थ्य सामग्रीको मूल्य पहिले खरिद गरेको भन्दा बढी पर्ने गरी सम्झौता गरेको, समय अगावै सम्झौता रद्द गरेतापनि उक्त कम्पनीका सामग्री उपयोगमा विरोधाभाष देखिएको र सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७७/०४/०७ को प्रतिवेदनबाट समेत खरिद प्रक्रियामा ऐन र नियमावलीको पूर्ण पालना नभएको निश्कर्ष देखिएकोले खरिद कार्यका लागि अख्तियारवाला पदाधिकारीहरु उपर अख्तियारको दुरुपयोग सम्बन्धमा विस्तृत छानबिन गरी दोषीलाई कानूनबमोजिम कारवाही गरी समितिलाई जानकारी दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने निर्णय गरियो ।